२. थप नागरिक सचेतना केन्द्रको स्थापना गरी सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिकरणमा विशेष जोड दिईनेछ।

३. महिला हिंसा नियन्त्रण तथा पीडितलाई उचित राहतको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

४. बालबालिकाको विकास एवं नीति निर्माणमा उनीहरुको पहुँचको लागी बाल क्लब गठनलाई प्राथमिकता दिईनेछ।

५. आगलागी, बाढी, भुकम्प, महामारी जस्ता प्रकोपको नियन्त्रण गरी क्षती न्युनिकरण गर्न र प्रकोपको अवस्थामा उद्धार, राहत तथा पूर्नस्थापना जस्ता कार्यहरु प्रकोप व्यवस्थापन योजना बनाई अन्य सरोकारवाला र समुदाय सँग सहकार्य गरी कार्यक्रम गर्ने नीति अवलम्वन गरिनेछ।

**ग. आर्थिक प्रशासन सम्बन्धी :**

१. पेश्की तथा बेरुजुलाई कडाईका साथ नियन्त्रण गर्दै पेश्की तथा वेरुजु फछ्यौंटलाई प्राथमिकता दिईनेछ।

२. पेश्की लगि समयमै फछ्यौंट नगर्नेहरुलाई नियमानुसार कारवाही गर्दै सार्वजनिक गरिनेछ।

**घ. राजस्व सम्बन्धी:**

१. एकीकृत सम्पती कर लगाउन आवश्यक तयारी गरिनेछ।

२. न.पा. वाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासँग आवद्ध गरिने कार्यलाई अझ प्रभावकारी र नियमित गर्दै लगिनेछ।

३. दुहवी उधोग वाणिज्य संघ सँग आवश्यक सहकार्य र समन्वय गरी व्यवसायिक करलाई व्यवस्थित र प्रभावकारी वनाई सवै व्यवसायीलाई करको दायरामा ल्याउन पहल गरिनेछ।

४. न.पा.ले राजश्वको दर र दायराको बारेमा सम्भावयता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।

५. वार्षिक रु. एक लाख भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले सम्मान गर्ने वयवस्था मिलाइनेछ। साथै सवैभन्दा अधिकतम कर तिर्ने करदातालाई रु. पांच हजार नगद सहित पुरस्कृत गरिनुका साथै नियमित कर तिर्नेहरुलाई छुट तथा नतिर्नेहरुलाई दण्डको व्यवस्था गरिनेछ।

**ङ. कर्मचारी प्रशासन सम्बन्धी :**

१. कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवा ग्राही प्रति सम्मानपुर्ण व्यवहार गर्ने नितिलाई निरन्तरता दिइनेछ।

२. कार्यालयका कर्मचारीहरुलाई कार्यालयले उपलब्ध गराएको पोशाक तथा परिचय पत्र अनिवार्य रुपमा लगाउनु पर्ने व्यवस्थालाई अझ नियमित र प्रभावकारी बनाइने छ।

३. नगरपालिकामा उत्कृष्ट काम गर्ने कर्मचारीहरु मध्ये बाट १ जना लाई रु.५०००।०० (अक्षरेपी रु. पांच हजार मात्र) सहित प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने निति लिइनेछ।